**नेपालको संविधान, २०७२ को दफा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ अनसुार संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय संगठनका लागि नेपालको स्थायी नियोग तथा नेपाली राजदूतावास, जेनेभाको देहाय बमोजिम सूचना स्वतः प्रकाशन (Proactive Disclosure) गरिएको छ।**

**क) निकायको स्वरुप र प्रकृतिः**

जेनेभास्थित संयुक्त राष्ट्र संघको कार्यालय तथा अन्य अन्तर्राष्ट्रिय संगठनका लागि नेपालको स्थायी नियोग सन् १९८२ जनवरी २१ (वि.सं. २०३८ माघ ०८) मा स्थापना भएको हो। यस कूटनीतिक नियोगले अन्तरार्ष्ट्रिय जेनेभामा नेपालको बहुपक्षीय कूटनीति सञ्चालनमा नेपालको हित, राष्ट्रिय स्वार्थ, सरोकार र प्राथमिकता अनुरुप सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। संयुक्त राष्ट्रसंघीय कार्यालय लगायत हाल करिब ३८ वटा अन्तर्राष्ट्रिय संघ संगठनहरुका मुख्यालय रहेको जेनेभामा नेपालको प्रभावकारी प्रतिनिधित्व तथा मुलुकको बहुपक्षीय हित तथा चासोका विषय अझ सशक्त रूपमा अगाडि बढाउन एवम् सन् १९५६ मा नेपाल र स्विट्जरल्याण्डवीच कूटनीतिक सम्बन्ध स्थापना भएपछि द्विपक्षीय सम्बन्धलाई बढवा दिने अभिप्राय समेत राखी दोहोरो जिम्मेवारी सहित स्थायी नियोग तथा राजदूतावासको रुपमा यस स्थायी नियोगको स्थापाना गरिएको हो ।

विशेषतः यस नियोगले एकातर्फ बहूपक्षिय कूटनीतिको माध्यमवाट नेपालका हित, सरोकार र स्वार्थका विषयहरूलाई अन्तर्राष्ट्रिय समुदायमाझ मुखरित गर्दै विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाको नेतृत्व तहमा भूमिका लिने र सशक्त रूपमा मुलुकको प्रतिनिधित्व र प्रस्तूती बढाउने कार्य गर्दछ भने अर्कोतर्फ स्विट्जरल्याण्ड, इटाली, सान मारिनो तथा लिचेष्टाइन सहित चार मुलुकसंग नेपालको दुई पक्षीय सम्बन्धलाई थप विकास र विस्तार गर्ने जिम्मेवारी समेत यसको कार्य क्षेत्र भित्र पर्दछ।

**ख) निकायको काम, कर्तव्य र अधिकार**

यस नियोगका प्रमुख कार्यहरु समग्रमा देहाय बमोजिम रहेका छन्-

१. जेनेभास्थित संयुक्त राष्ट्र संघको कार्यालय एवम् जेनेभा तथा रोमस्थित अन्तर्राष्ट्रिय संघ संस्थाहरूमा नेपालको प्रतिनिधित्व (Representation) गर्ने।

२. संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद् (Human Rights Council) का नियमित तथा विशेष अधिवेशनहरुमा नेपालको प्रतिनिधित्व गर्ने, नेपालसम्बद्ध मुद्धाहरु (Issues) मा प्रतिरक्षा गर्ने।

३. मानव अधिकार परिषद् अन्तर्गत Special Procedures तथा मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय Treaty Bodies/ Human Rights Mechanisms मा नेपालको प्रतिनिधित्व गर्ने, अडान राख्ने र आवधिक प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने।

४. स्वीट्जरल्याण्ड, इटाली, लिचेष्टाइन तथा सानमारिनो (नियोगको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरु) मा नेपालको प्रतिनिधित्व (Representation) गर्ने।

६. अन्तर्राष्ट्रिय कानुनको परिधिभित्र रही नियोगको कार्यक्षेत्रमा पर्ने मुलुकहरुमा नेपालको प्रवर्द्धन र सो कार्यक्षेत्रमा बसोबास गरिआएका नेपाली नागरिकहरुको हक हित संरक्षण (Interest Protection) गर्ने।

७. नियोगको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरुका सरकार तथा संघसंस्थाहरुसँग नेपाल सरकारको तर्फबाट आवश्यकताअनुसार वार्ता तथा सम्झौता (Negotiation) गर्ने।

८. नियोगको कार्यक्षेत्रमा रहेका मुलुक तथा संघसंस्थाहरुमा विकसित घटनाक्रमहरुको नियमित अनुगमन गरी नियोगको अवलोकन/मूल्यांकन (Observation/Assessment) सहित नेपाल सरकार, परराष्ट्र मन्त्रालयमा प्रतिवेदन (Reporting) गर्ने।

९. अतिकम विकसित तथा भूपरिवेष्ठित राष्ट्रहरुको सम्बन्धमा संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय संगठनहरुको तत्वावधानमा आयोजना हुने क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी, कार्यशालामा नेपालको प्रतिनिधित्व गर्ने।

१०. आर्थिक कूटनीति (पर्यटन, अन्तर्राष्ट्रिय व्यापार, वैदेशिक रोजगारी, वैदेशिक लगानी, वैदेशिक सहयोग, प्रविधि हस्तान्तरण आदि) सम्वन्धी कार्यक्रम नियोगको कार्यक्षेत्र रहेका मुलुकहरूमा सञ्चालन गरी मुलुकको दिगो आर्थिक विकास र गरिबी निवारणमा टेवा पुर्याउने।

## ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

### अ. संख्या

चालु आ. व. २०७७/७८ मा यस नियोगको विद्यमान स्वीकृत कूटनीतिक पद ९ (७ स्थायी र २ अस्थायी) तथा स्थानीय कर्मचारीहरुको ४ गरी जम्मा १३ जनाको दरबन्दी रहेको छ।

### १. कूटनीतिक कर्मचारीहरु

| सि.नं. | पद, सेवा र श्रेणी | संख्या |
|---|---|---|
| १. | राजदूत/स्थायी प्रतिनिधि (विशिष्ट श्रेणी/ नियोग प्रमुख) | १ |
| २. | मिनिष्टर/उपनियोग प्रमुख/नायव स्थायी प्रतिनिधि (सहसचिव) | १ |

| | | |
|---|---|---|
| ३. | काउन्सेलर (उपसचिव) | ३ |
| ४. | प्रथम/द्वितीय सचिव (शाखा अधिकृत) | ३ |
| ५. | तृतीय सचिव/सहचारी (नायव सुव्वा) | १ |

**२. स्थानीय कर्मचारी तर्फ**

| सि.नं. | पद | संख्या |
|---|---|---|
| १. | कार्यालय सचिव | १ |
| २. | ड्राइभर/मेसेन्जर | २ |
| ३. | कार्यालय सहयोगी | १ |

**आ. <u>कार्य विवरण (Job Description)</u>**

यस नियोगको वृहत कार्यक्षेत्रको संक्षेपीकरणको लागि उपलब्ध जनशक्तिलाई दृष्टिगत गर्दै कार्यविवरण तय गरिएको छ। कार्य विवरण अनुसूची १ मा उल्लेख गरिएको छ।

**घ) निकायबाट प्रदान गरिने सेवा**

माथि (ख) मा उल्लेखित कार्य सम्पन्न गर्ने सिलसिलामा उपलब्ध गराउने सेवाका अतिरिक्त यस नियोगको कार्यक्षेत्र रहेका मुलुकमा रहेका नेपालीहरु तथा विदेशी नागरिकहरुलाई देहाय बमोजिमका सेवा उपलब्ध गराइदै आएको छ।

अ) राष्ट्र प्रमुख तथा सरकार प्रमुखको तहवाट हुने भ्रमण तथा अन्य उच्च सरकारी पदाधिकारीहरुको भम्रणको समन्वय गर्ने तथा भ्रमणसम्बन्धी सम्पूर्ण तयारी।

आ) नेपाली राहदानीको नवीकरण, संशोधनलगायतका राहदानी सम्बन्धमा परी आउने सवै प्रकारका कार्यहरु।

इ) नेपाल भ्रमण गर्न चाहने विदेशी राहदानीवाहकलाई प्रवेशाज्ञा जारी गर्ने, नेपालसम्बन्धी कुनै जानकारी माग गरेमा उपलब्ध गराउने तथा कुनै गुनासोहरु भएमा सोको सुनुवाई गर्ने।

ई) माग भए बमोजिमका कानूनी कागजातहरु जस्तै जन्म दर्ता, विवाह दर्ता, नाता प्रमाणित आदिजस्ता प्रमाणपत्रहरुको कन्सुलर प्रमाणीकरण (Consular Attestation) र आवश्यकता अनुसार अंग्रेजी अनुवाद गर्ने। साथै रेकर्ड तयार गरी आवश्यकता अनुसार जन्म दर्ता समेत गर्ने।

उ) नेपाल सरकारका विभिन्न निकायहरुबाट जारी भएका सरकारी कागजपत्रहरुको कन्सुलर प्रमाणीकरण (Consular Attestation) र आवश्यकता अनुसार अंग्रेजी अनुवाद गर्ने।

ऊ) नियोगको कार्यक्षेत्रमा जेल परेका नेपालीहरुको विवरण तयार गर्ने तथा उद्धार गर्ने सम्बन्धी कार्य गर्ने।

ऋ) अधिकृत वारेशनामा प्रमाणित गर्ने।

ऌ) कन्सुलर मामिलामा परिआउने अन्य कार्यहरु सम्पादन गर्ने।

ऍ) नियोगको कार्यक्षेत्र भित्र रहेका अध्ययनरत नेपाली विद्यार्थीहरुका समस्या तथा गुनासाहरु समाधान गर्ने।

ऎ) अन्य समय समयमा आई पर्ने समस्यामा नेपालीहरुको उद्धार तथा अन्य सेवाहरु

**ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

- माथि 'ग' मा विवरण उल्लेख गरेअनुसार सेवा तथा जिम्मेवार अधिकारी रहने गरेको।

-इटालीमा अवैतनिक कन्सुर जनरल रहेकोले कन्सुलर तथा भिषालगायतका सेवामा तहाँ बसोवास गर्ने नेपाली तथा विदेशीलाई सेवा प्रदान गर्ने नियोगको प्रत्यक्ष सुपरीवेक्षणमा सहयोग पुर्याइरहेको।

**च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

-सेवा प्राप्त गर्न लाग्ने दस्तुर तथा अवधिको विस्तृत जानकारी अनुसूची -२ मा उल्लेख गरिएको छ।

**छ) निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

-राजदूत/स्थायी प्रतिनिधिको साथै कामको प्रकृति तथा वाडफाड हेरी नायव स्थायी प्रतिनिधि, काउन्सेलर, प्रथम/द्वितीय र तृतीय सचिव/सहचारीमा अधिकार प्रत्यायोजन भएको।

**ज) निर्णयउपर उजुरी सुन्ने अधिकारीः**

-महामहिम राजदूत तथा प्रकृति हेरी अन्य अधिकारीहरुलाई समेत तोकिएको।

**झ) सम्पादन गरेको कामको विवरणः**

-नियोगले गत आर्थिक वर्ष २०७६-७७ मा सम्पादन गरेको मुख्य मुख्य कामको विवरण अनुसूची -३ मा उल्लेख गरिएको छ।

**ञ) सूचना अधिकारी र प्रमुखको नाम र पदः**

-यस नियोगको सूचना अधिकारी तथा प्रमुखको विवरण देहाय बमोजिम रहेको छ-

अ. प्रमुखको नाम र पदः श्री मणिप्रसाद भट्टराई, राजदूत/स्थायी प्रतिनिधि

आ. सूचना अधिकारीको नाम र पदः श्री कुमार राई, काउन्सेलर

**ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

- राहदानी ऐन, २०७६
- राहदानी नियमावली, २०७७
- गैर आवासीय नेपालीसम्बन्धी ऐन, २०६४
- गैर आवासीय नेपालीसम्बन्धी नियमावली, २०६६
- राहदानी निर्देशिका, २०६७ (पहिलो संशोधन, २०७१ सहित)
- नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरु, २०७१
- अवैतनिक वाणिज्यदूतसम्बन्धी नियमावली, २०३९(चौथो संशोधन, २०७४ सहित)
- कूटनीतिक आचारसंहिता, २०६८
- आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रम निर्देशिका, २०७१
- विदेशस्थित नेपाली नियोगमा काम गर्ने स्थानीय कर्मचारी व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७२
- परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय तथा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरुको बेरुजु फछ्यौट कार्यविधि, २०७२
- परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय तथा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरुको आन्तरिक नियन्त्रण कार्यप्रणाली निर्देशिका, २०७२
- विदेशस्थित नेपाली नियोगको सार्वजनिक खरिद कार्यविधि, २०७३
- Vienna Convention on Diplomatic Relations, 1961
- Vienna Convention on Consular Relations, 1963

**ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः**

**अ. निकासा तथा खर्चको विवरणः**

**i. चालु खर्च तर्फ आर्थिक वर्ष २०७६/०७७ असार मसान्तसम्मः**

| वार्षिक बजेट (ने. रु.) | खर्च (ने. रु.) |
|---|---|
| १६,७१,८०,००० | १५,७०,०८,४४८।८८ |

ii. **पूँजिगत खर्च तर्फ आर्थिक वर्ष २०७६/०७७ असार मसान्तसम्मः**

| वार्षिक बजेट (ने. रु.) | खर्च (ने. रु.) |
|---|---|
| १०,००,००० | ९,२६,७७५।८२ |

**आ. राजश्व आम्दानीको विवरणः**

**आर्थिक वर्ष २०७६/०७७ असार मसान्तसम्मको राजश्व आम्दानी (स्विस फ्रैंक स्थानीय मुद्रामा)**

| राहदानी | यात्रा अनुमति पत्र | भिषा | | अन्य | जम्मा राजश्व आम्दानी (स्विस फ्रैक) |
|---|---|---|---|---|---|
| | | नियोगवाट १२५६९०।०० | अवैतनिक कन्सल जनरल, रोम मार्फत ११४००।५४ | | |
| २५,२४५।०० | ४२०।०० | १,३७,०९०।५४ | | ५,१२१.०५ | १,६७,८७६।५९ |

**ड) नियोगको वेवसाईट तथा अन्यः**

Website: https://gva.nepalmission.gov.np/

Twitter ID: @pmngeneva

Email: mission.nepal@bluewin.ch / pmngeneva@mofa.gov.np

Address: 81 Rue de la Servette, 1202 Geneva, Switzerland

**ढ) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**

- चालु तथा गत आ.व. मा कुनै पनि वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग प्राप्त नगरेको।

**ण) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिईएको विवरणः**

- नियोगको इमेल तथा फोन मार्फत जानकारी तथा सूचना माग गर्ने गरेकोमा यथाशीघ्र सूचना/जवाफ उपलब्ध गराइने गरिएको।

# अनुसूची-०१

## नियोगको विस्तृत कार्यविवरण

**Permanent Mission of Nepal to the United Nations Office at Geneva /Embassy of Nepal**
**81, Rue de la Servette, 1202 Geneva, Switzerland**
**Tel: (022) 733 2600 / 2621; Fax: (022) 733 2722**
**E-mail: mission.nepal@bluewin.ch; gva.nepalmission.gov.np**
**Division of Work (Diplomatic Staff)**

| **Name and Designation** | **Responsibility** |
|---|---|
| PR/Ambassador | Overall as PR and Ambassador |
| DPR/Minister | Human Rights, Political and Multilateral issues |
| Counsellor I | Bilateral, Migration, Labour, Administration, Humanitarian, Health, Communication and Media and Nepali community issues |
| Counsellor II | Human Rights, Refugee, Disarmament, Environment and Sustainable Development issues |
| Counsellor (Commerce) | Trade, Commerce and Investment issues |
| Second Secretary I | Human Rights, Humanitarian, Environmental and Sustainable Development issues |
| Second Secretary II | Human Rights, Disarmament, IT, Science and Technology, Social and Political Affairs |
| Second Secretary III | Trade, Intellectual Property, Tourism, Labour, Administration, Protocol, Consular and NRN issues |
| Third Secretary | Admin, Finance and Protocol issues |

## अनुसूची-०२

## सेवा प्राप्त गर्न लाग्ने दस्तुर तथा अवधिको विस्तृत जानकारी

| सि.नं. | उपलब्ध गराउने सेवा | लाग्ने दस्तुर (स्विस फ्रैंक) | अवधि |
|---|---|---|---|
| १. | कल्याणकारी प्रकारका सेवाहरु (अङ्ग प्रत्यारोपणका लागि सिफारिस, मृतकको शव सम्बन्धी सिफारिस, खोज तलास तथा उद्धार सम्बन्धी कार्यको सिफारिस घाइते तथा मृतकको क्षतिपूर्ति सम्बन्धी निवेदन वा अन्य यस्तै प्रकारका सेवाहरु) | नेपाल सरकार मन्त्रिपरिषद्को २०७५।०३।१५ को निर्णय बमोजिम निःशुल्क | प्राप्त हुनासाथ समय नतोकी |
| २. | मञ्जुरीनामा, जमानतपत्र, रोजगार सम्झौता, सेवा सम्झौता वा यस्तै अन्य प्रकारका श्रम सम्बन्धी सेवाहरु, विवाह दर्ता प्रमाणपत्र, नाता प्रमाणित, नागरिकता र लाइसेन्स, वैवाहिक अवस्थाको प्रमाणपत्र, जन्म दर्ता/मृत्युदर्ता/सम्बन्धविच्छेद दर्ता प्रमाणपत्र, सवै प्रकारका निवेदन, जो जससँग सम्बन्धित छ वा अन्य यस्तै प्रकारका सिफारिस वा कागजातहरु | ५० | समय नतोकि सवै समावेश गर्नु पर्ने कागजात रहेको खण्डमा सोही दिन |
| ३. | बैंक तथा वित्तिय संस्थाबाट जारी भएका कागजात प्रतिलिपि प्रमाणीकरण वा बसाई/सराई वा प्रहरी प्रतिवेदन वा चिकित्सकको प्रमाणपत्र, एफिडेभिट, उत्पत्तिको प्रमाणपत्र वा यस्तै प्रकारका अन्य कागजातहरु | १०० | समावेश गर्नु पर्ने कागजात तथा स्थानीय अधिकारीहरुको हस्ताक्षरलगायतको क्रस चेक गर्नु पर्ने अवस्थामा पेश गरेको अर्को दिन अन्यथा सोही दिन |
| ४. | अधिकृत वारेसनामा | २०० | समय नतोकि सवै समावेश गर्नु पर्ने कागजात रहेको खण्डमा सोही दिन अन्यथा सवै |

| | | | |
|---|---|---|---|
| | | | कागजातहरु पेश गरे पश्चात |
| ५. | साधारण राहदानीः<br>i) दश वर्ष मुनीका बच्चाको हकमा आधा शुल्क<br>ii) अन्यको हकमा<br>iii) हराएको हकमा | ८५<br>१७०<br>३४० | फारामहरु संकलन गरी नियमित रुपमा प्रिन्टिङ्गको लागि राहदानी विभागमा पठाइने गरिएको। |
| ६. | भिषा स्टिकरको प्रकार<br>i) १५ दिने<br>ii) ३० दिने<br>iii) ९० दिने | ४०<br>७०<br>१३५ | मानिस स्वयं निवेदन दिएर उपस्थित भएको अवस्थामा सोही दिन तथा हुलाक मार्फत प्राप्त भएकोमा भिषा शुल्क बैंकमा जम्मा भए नभएको चेक गरी सोही दिन वा भोलिपल्ट |
| ७. | गैर आवासीय नेपाली सम्बन्धी परिचयपत्र<br>i) निवेदनका लागि<br>ii) गैर आवासीय नेपाली परिचय पत्रका लागि | ३०<br>६०० | सवै कागजात समावेश गरेको अवस्थामा यथाशीघ्र अन्यथा कागजात समावेश गरे पश्चात। |

## अनुसूची-०३

## सम्पादन गरेको मुख्य मुख्य कामको विवरण

नियोगले गत आर्थिक वर्ष २०७६-७७ मा सम्पादन गरेको मुख्य मुख्य कामको विवरण

१. ४ जुन २०२० मा सम्माननीय राष्ट्रपतिबाट बेलायत सरकारले आयोजना गरेको खोप सम्मेलन (Global Vaccine Summit 2020) लाई भिडियो सन्देशमार्फत संवोधन भएको।

२. ८ जुन २०२० मा सम्माननीय प्रधानमन्त्रीज्यूले अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा आयोजित COVID-19 and the World of Work- building a better future of work विषयक Virtual Global Summit मा सहभागी भई उक्त सम्मेलनलाई संवोधन गर्नुभएको।

३. २५ फ्रेबुअरी २०२० का दिन माननीय परराष्ट्र मन्त्रीज्यूवाट मानव अधिकार परिषद्को ४३ औं सत्रमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी उक्त सत्रको High Level Segment लाई संवोधन गर्नु भएको। भम्रणको अवसरमा माननीय मन्त्रीज्यूवाट अन्य द्विपक्षीय भेटघाट समेत गर्नु भएको।

४. १८ देखि २० मे २०२० सम्म आयोजना गरिएको विश्व स्वास्थ्य संगठनको ७३ औं सत्रलाई माननीय स्वास्थ्य मन्त्रीज्यूवाट भिडियो सन्देश मार्फत संवोधन गर्नु भएको।

५. १७ देखि १८ डिसेम्वर २०१९ सम्म आयोजना भएको First Global Forum on Refugee लाई महामहिम राजदूतज्यूले जेनेभामा सम्वोधन गर्नु भएको।

६. २८ अक्टोवर देखि ७ नोभेम्वर २०१९ सम्म आयोजित अन्तरर्राष्ट्रिय श्रम संगठनको गभर्निङ्ग बोर्डको ३३७ औ बैठकमा श्रीमान् श्रम सचिवज्यूको नेतृत्वमा सहभागी भएको।

७. २६ देखि २९ नोभेम्वर २०१९ सम्म जेनेभामा आयोजना भएको अन्तर्राष्ट्रिय आप्रवासन संगठनको ११० औं सत्रमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै महामहिम राजदूतज्यूवाट उक्त सत्रलाई संवोधन गर्नु भएको।

८. ३० सेप्टेम्वर २०१९ का दिन कोलम्वो प्रोसेसको नेपाल अध्यक्ष रहेकोले सदस्य मुलुकका जेनेभास्थित महामहिम राजदूत तहमा 14th Ambassadorial Meeting सम्पन्न भएको।

९. ४ देखि ६ नोभेम्वर २०१९ मा सम्पन्न 3rd Session of the Intergovernmental Group of Expert on Financing for Development (IGE FfD) को अध्यक्षको रुपमा महामहिम राजदूतज्यूले सफलतापूर्वक जिम्मेवारी पूरा गर्नु भएको।

१०. ११ देखि १५ नोभेम्वर २०१९ मा सम्पन्न 11th Session of the Commission on Investment, Enterprises and Development मा उद्योग वाणिज्य तथा आपूर्ति सचिवज्यूको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनाएको।

११. ३० सेप्टेम्वर देखि ०९ अक्टोवर २०१९ सम्म जेनेभामा सम्पन्न विश्व बौद्विक सम्पत्ति संगठनको ५९ औं सत्रलाई महामहिम राजदूतज्यूवाट संवोधन गर्नु भएको।

१२. सन् २०१९-२१ अवधिको लागि Enhanced Integrated Framework को अध्यक्षमा महामहिम राजदूत दुई वर्षे कार्यकालका लागि सर्वसम्मत चयन हुनु भएको।

१३. Swiss Federal Department of Foreign Affairs ले बर्नमा आयोजना गरेको नयाँ वर्षको रिसेप्सनमा महामहिम राजदूतज्यू सहभागी हुनु भएको। साथै महामहिम राजदूतज्यूवाट ११ फ्रेबुअरी २०२० का दिन Federal Councillor and Head of Swiss Federal Department of Foreign Affairs (FDFA) H.E. Mr. Ignazio Cassis सगँ शिष्टाचार भेट गर्नु भएको।

१४. WIPO को Programme and Budget Committee मा २०१९/२०२०-२०२०/२०२१ अवधिको दुई वर्षे कार्यकालका लागि नेपाल निर्वाचित भएको।

१५. कोभिड-१९ को कारण स्विट्जरल्याण्ड तथा इटालीमा आपतमा परेका करिव ५५ जना नेपालीको विभिन्न मितिमा चार्टर उडानमार्फत उद्धार गरी नेपाल पठाइएको।

१६. अन्य नियमित बैठकमा नेपालको सहभागिता लगायत नियोगले सम्पन्न गरेका कार्यहरुको विस्तृत वार्षिक विवरण समेत नियोगको वेभसाइटमा सर्वसाधारणको जानकारीका लागि उपलब्ध रहेको।

१७. Human Rights Council/ Special Procedures तथा OHCHR संगका पत्राचारहरुमा निरन्तर follow up तथा response गरिएको।

१८. नेपालको तर्फवाट नियोगले लिएको नेतृत्वदायी भूमिका तथा अन्य जिम्मेवारीहरुः

a. Human Rights Council मा सन् २०१८-२०२० अवधिका लागि सदस्य,
b. Enhanced Integrated Framework (EIF) को सेप्टेम्वर २०१९- सेप्टेम्वर २०२१ का लागि अध्यक्ष,
c. WIPO को Program Budget Committee (PBC) मा नेपाल २०१९-२०२१ अवधिको लागि सदस्य,
d. Colombo Process को अध्यक्ष रही आएको,
e. तीन वर्षे अवधिका लागि जुन २०१७ देखि Deputy Member of the Governing Body of International Labour Organization ,
f. Commission on Science and Technology for Development को सदस्य, सन् २०१९-२०२२
g. Vice President of the Trade and Development Board of UNCTAD, 2019-20

h. Human Rights Council अन्तर्गतको Informal Framework मा सन् २०१९ अवधिको लागि Asia-Pacific Group (APG) Coordinator भूमिका सफलतापूर्वक सम्पन्न गरेको,

i. WTO Mechanism अन्तर्गत Trade Facilitation को लागि LDCs Group को Focal Point को भूमिका निर्वाह गरिरहेको,

j. संयुक्त राष्ट्र संघीय Treaty Bodies मा नेपालको प्रतिनिधित्व अन्तर्गत नेपालवाट श्री बन्दना राणा CEDAW Committee मा सन् २०१७-२० अवधिको लागि निर्वाचित भई भूमिका निर्वाह गरिरहनु भएको।

k. मानव अधिकार परिषदमा २०२१-२०२३ को अवधिका लागि पुनः उम्मेदवारी प्रस्तुत गरी सकेको र सदस्य मुलुकहरुसंग समर्थनका लागि सक्रिय भूमिका निर्वाह गरिरहेको।

l. CEDAW Committee मा श्री वन्दना राणाको २०२१-२०२४ अवधिका लागि पुनः उम्मेदवारी प्रस्तुत गरी सकेको र सदस्य मुलुकहरुसंग समर्थनका लागि सक्रिय भूमिका निर्वाह गरिरहेको।